वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : १६ मितिः २०८२/०२/१८

भाग-२

## फूटपाथ व्यवसाय व्यवस्थापन मापदण्ड, २०८२

प्रस्तावना : कर्णाली प्रदेशको राजधानींका रुपमा रहेको वीरेन्द्रनगर नगरपालिका क्षेत्रमा वढ्दो शहरीकरण सँगै सडक तथा सार्वजनिक स्थलहरु एवं फूटपाथमा अव्यवस्थित तथा अतिक्रमित ढंगवाट व्यापार व्यवसाय गर्ने संख्या समेत दिनानुदिन बढ्दो गतिमा रहेको छ। जसको कारणवाट सडकको फोहर व्यवस्थापन, ट्राफिक जाम, शहरी सौन्दर्यतामा नै आँच आउने जस्ता चुनौतीहरु बढ्दै गएको छ। यसै सन्दर्भमा नगर क्षेत्रमा व्यवसाय गर्दै आएका फूटपाथ व्यवसायीको नियमन तथा दिगो व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा -७_ बमोजिम कार्यपालिकाले यो मापदण्ड बनाएको छ।

**१. प्रारम्भ :** यो मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

**२. फूटपाथ व्यवस्थापनका उद्देश्यहरुः** (१) यो मापदण्डको उद्देश्यहरु देहाए बमोजिम रहेका छन् :

(क) नगरलाई सफा, स्वच्छ र सुन्दर बनाउने।

(ख) अव्यवस्थित रुपमा व्यवसाय गरेका व्यवसायीहरुलाई व्यवस्थित गरी दिगो व्यवस्थापन गर्ने।

(ग) सडक तथा सार्वजनिक स्थलहरुको अव्यवस्थित तथा अतिक्रमित अवस्थाको नियमन गरी व्यवस्थित गर्ने।

(घ) फूटपाथमा व्यवसाय गर्ने व्यवसायीलाई नगरको न्यूनतम करको दायरामा ल्याई नगरपालिकाको आयस्रोत वृद्धी गर्ने।

**३. फूटपाथ व्यवसायीले अनुमति लिनु पर्ने :**

(१) नगरका विभिन्न सडक फूटपाथ तथा सार्वजनिक स्थलमा व्यवसाय गर्न चाहने सबै व्यवसायीले नगरपालिकावाट अनिवार्य रुपमा व्यवसाय गर्ने अनुमति लिनुपर्नेछ ।दर्ता अनुमतीका लागि अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति लिँदा व्यवसायीले तोकिए बमोजिम अनुमति तथा सेवा शुल्क बुझाउने र सर्तको अनिवार्य पालना गर्नु पर्नेछ।

(३) अनुमति अवधि स्थान अनुसार साप्ताहिक, मासिक, अर्धवार्षिक र बार्षिक हुनेछ।

(४) अनुमति नलिई व्यवसाय गरेमा तोकिए बमोजिम जरिबाना वा सामग्री जफत वा दुवै सजाय हुन सक्नेछ।

**४. फूटपाथमा बिक्री वितरण गरिने वस्तु तथा सेवाका किसिमहरुः** व्यवसायीले देहाय बमोजिमका वस्तु तथा सामान ठेलामा राखी व्यवसाय गर्न पाउनेछन्

(१) पेय पदार्थ : फलफूलको जुस, लस्सी, फलफूल, चिया, कफी, बरफ, आईसक्रिम आदि

(२) खाद्य पदार्थ : फुल्की, बदाम, चटपटे, समोसा, म : म, चाउमिन, बरगर, पिजा, सेकुवा, बिरियानी लगायतका फास्टफुड

(३) तरकारी /फलफूल

(४)कर्णाली प्रदेश भित्र उत्पादित स्थानीय तथा रैथाने उत्पादन

(५)मकै पोल्ने,चना बदाम भुट्ने आदि

(६)विज्ञापन तथा व्यावसायिक स्टलहरु

(७)डोके, खर्पन व्यवसायी

(८)अन्य पटके सेवा तथा वस्तु विक्रेता : जुत्ता सिलाउने, प्रेसर कुकर बनाउने, छाता बनाउने,कापी, बोतल, फलाम संकलन गर्ने तथा घरायसी साना खुद्रा वस्तुहरु आदि

(९)पर्व विशेष व्यवसाय : पूजा सामग्री, तरुल, रक्षाबन्धन जनै, चाकु आदि

**५. फूटपाथमा बिक्री वितरण गर्न नपाईने :** दफा ४ मा उल्लिखित वस्तु तथा सेवा बाहेक माछा, मासु, डेरी जन्य पदार्थ, सुर्तीजन्य पदार्थ, प्लाष्टिकजन्य सामग्री, मादक पदार्थ, स्थानीय उत्पादन बाहेकका लत्ता कपडा, फेन्सी सामग्री जस्ता वस्तु तथा सेवाहरु फूटपाथमा बिक्री बितरण गर्न पाईनेछैन।

**६. फूटपाथको वर्गीकरण :**

(१) हाल फूटपाथमा व्यवसाय भएका स्थानहरुको सार्वजनिक महत्व र पैदलयात्री तथा सवारी चापका आधारमा नगर भित्रका सडक फूटपाथ तथा सार्वजनिक स्थललाई देहाए बमोजिम तिन वर्गमा विभाजन गरिनेछ।



(क) रेड जोन (फूटपाथमा व्यवसाय गर्न पूर्ण निषेधित गरिएका क्षेत्रहरु) :

अ. एयरपोर्ट गेट, एयरपोर्ट तिनकुने चोक, वसपार्कभित्र जाने सबै गेट, वुलबुले गेट, मंगलगढी, एरिचोक, प्रदेश अस्पताल गेट, पिपलचौतारा, सरकारी कार्यालय, विद्यालय क्षेत्र र वीरेन्द्रनगर नगरकार्यपालिका कार्यालयदेखि पचास मिटर आसपासको क्षेत्र,

आ.रत्न राजमार्ग र हटलाइन सडकको सतह ढल भित्र र सडक छेउमा विरुवा लगाएको सडकको हकमा विरुवादेखि भित्री क्षेत्र,

इ. नगर भित्रका अन्य कालोपत्रे भएका वा सडक छेउमा सतह ढल बनेका सडकको हकमा कालोपत्रे सडकको किनारा देखि भित्र वा सतह ढल भन्दा भित्रको क्षेत्र

ई. धमला चोक कालुङ्चोक सम्मको सडक क्षेत्र

उ. एयरपोर्ट तिनकुने चोक देखि एरिचोक सम्मको रत्न राजमार्ग खण्ड

ऊ. मंगलगढी चोकदेखि गणेशचोकसम्मको मुख्य सडक क्षेत्र

ऋ. पृतना गेट,ढकाल चोक देखि दक्षिण तर्फको सेनाको एयरबेस गेट,पदमपुर आर्मी गेट र कपासे पानीटेंकी चोक आसपासको क्षेत्र

ऌ. माथि उल्लेख नभएका वडा समितिवाट रेड जोनका लागि सिफारिस भएका अन्य क्षेत्र।

(ख) एल्लो जोन (समय अनुसार आंशिक रुपमा फूटपाथमा व्यवसाय गर्न सकिने) विहान ६ बजेदेखि ९ बजेसम्म र दिउँसो ३ बजेदेखि साँझ ८ बजेसम्म (हिउँदमा ३ बजेदेखि ७ बजेसम्म)

अ. मंगलगढी-गणेश चोकको र मूख्य सडक क्षेत्र वाहेकका अन्य भित्री चोकहरु ,

आ. भानुपार्क पश्चिम खाली जग्गामा सडक खाजाका लागि मात्र,

इ. रेड जोनमा नपरेका नगरका अन्य क्षेत्रहरुमा फलफूल, तरकारी तथा घरायसी साना खुद्रा वस्तुहरु आदि विक्री गर्न सकिने

ई. मध्यपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पसको गेटदेखि पन्ध्र मिटर वाहेकको पश्चिम क्षेत्रमा पर्खालसँग टाँसियर

उ. घण्टाघर उत्तर हटलाइन सडक - सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाको दक्षिण तर्फको खाली जग्गामा सडक खाजा र महिला उद्यमी तथा कर्णालीवासी उद्यमीहरुको सीप र स्थानीय कच्चा पदार्थवाट उत्पादित वस्तुको बिक्री वितरण गर्न सकिने

ऊ. पिपिरा चोकदेखि देउती वज्यै मन्दिर गेटसम्म सडक नाला वाहिर

ऋ. वडा समितिवाट सिफारिस भएका अन्य स्थानहरु

(ग) ग्रिन जोन (जुनसुकै समयमा व्यवसाय गर्ने मिल्ने क्षेत्र)

अ. सुर्खेत आँखा अस्पतालको गेटको पन्ध्र मिटर पश्चिम छाडेर भानुपार्क तर्फ फलफूल तथा तरकारीका लागि.

आ. डाँडा स्कुल दक्षिणको खाली क्षेत्रमा फलफूल तथा तरकारीका लागि

इ. जिल्ला प्रहरी कार्यालय पूर्वको चोकदेखि रेडियो भेरी एफ.एम. गेटसम्म खाजा तथा खुद्रा सेवा व्यवसायका लागि

ई. अन्य खुद्रा सामग्री तथा सेवाहरु वडा कार्यालयले तोकेका अन्य खाली सार्वजनिक स्थलहरु

(२) माथि जे सुकै व्यवस्था भएता पनि पर्व विशेषमा फूटपाथमा नै विभिन्न मेला तथा व्यवसाय सञ्चालन गर्नु पर्ने भएमा निर्देशक समितिले तोके बमोजिम हुनेछ।

**७. अनुमतिको समयावधि र स्थान विभाजन विधि**

(१) प्रत्येक व्यवसायीले नगरपालिकावाट देहाए बमोजिमको समयावधि खोली स्वीकृति लिई फूटपाथमा व्यवसाय गर्न अनुमति तथा सूचिकृत हुनु पर्नेछ।

(क) साप्ताहिक

(ख) मासिक

(ग) वार्षिक

(२) दफा ६ बमोजिमका स्थानमा व्यवसाय गर्न इच्छुक व्यवसायीको निवेदनको आधारमा स्थान उपलब्ध गराउँदा देहाए बमोजिम प्राथमिकतालाई आधार मानिने छ।

| प्राथमिकता | व्यवसायीको ठेगाना |
|---|---|
| १ | सम्बन्धित स्थायी वडाबासी |
| २ | वीरेन्द्रनगर नगरपालिका भित्र सीमा जोडिएको छिमेकी स्थायी वडाबासी |
| ३ | स्थायी वीरेन्द्रनगरवासी |
| ४ | स्थायी सुर्खेत जिल्लावासी |
| ५ | कर्णाली प्रदेशवासी |
| ६ | कर्णाली प्रदेश बाहेकका नेपाली नागरिक |
| ७ | विदेशी नागरिक |

(३) माथि जे सुकै लेखिएता पनि ग्रीन जोनमा व्यवसाय गर्न नेपाली नागरिक नै हुनुपर्नेछ।



**८. फूटपाथ व्यवसायीले अनुमतिका लागि बुझाउने शुल्कहरु :**

(१) नगरपालिकावाट फूटपाथमा व्यवसाय गर्न अनुमति प्राप्त व्यक्ति / फर्मले अनुमति शुल्क, वा व्यवसाय कर, नवीकरण शुल्क, वहाल विटौरी, व्यवसाय कर, सरसफाई सेवा शुल्क नगरपालिकालाई बुझाउनु पर्नेछ।

(२) एक वर्षभन्दा वढी अवधिको व्यवसाय गर्ने व्यवसायीले संघीय कानून बमोजिम फर्म तथा प्यान दर्ता समेत लिनु पर्नेछ।

(३) व्यवसाय दर्ता, नवीकरण, दण्ड, जरिबानासँग सम्बन्धित कर दस्तुर र शुल्क अनुसूची - २ बमोजिम हुनेछ।

**९. फूटपाथ व्यवसायीले पालना गर्नु पर्ने सर्त तथा नियमहरु :** फूटपाथमा तोकिए बमोजिम अनुमति लिइ व्यवसाय गर्ने व्यवसायीले देहाए बमोजिमका सर्त तथा नियमहरु पालना गर्नुपर्ने छ।

(क) अनुमति लिएको स्थान र क्षेत्रफल भन्दा अन्यत्र व्यवसाय गर्न पाइने छैन।

(ख) व्यवसाय सञ्चालन गर्दा निस्कने फोहर संकलनका लागि अनिवार्य रुपमा डस्टविन वा थैलो वा फोहरको प्रकृति अनुसारको फोहर संकलन भाँडा राख्नु पर्नेछ।

(ग) निष्कासित फोहर नियमानुसार सरसफाई शुल्क वुझाई नियमित व्यवस्थापनको सुनिश्चित गर्नुपर्ने छ। जैविक फोहरको हकमा नजिकमा खाल्डो खनी पुरेर व्यवस्थापन गर्ने ठाउँ भएमा दैनिक फोहर पुरी व्यवस्थापन गर्न सकिनेछ।

(घ) सेवा दिँदा ग्राहकलाई आफूले अनुमति लिएको क्षेत्रभन्दा वाहिर बसाल्न पाईने छैन।

(ङ) अनुमति नलिएका वस्तु तथा सेवा विक्री वितरण गर्न पाइने छैन।

(च) जनस्वास्थ्यलाई प्रतिकुल असर पर्ने गरी वस्तु तथा सेवा विक्री वितरण गर्न पाइने छैन।

(छ) खाद्य वस्तु बिक्री वितरण गर्दा जनस्वास्थ्यलाइ असर नपर्ने गरी व्यक्तिगत सरसफाईलाई ध्यान दिँदै, खाद्य वस्तु छोपेर तथा तोके बमोजिमको मापदण्ड अनुसार विक्री वितरण गर्नु पर्ने छ।

(ज) ठेला गाडा र सेवाग्राही वस्ने स्थान अनुमति लिँदा तोकिएको मापदण्ड वमोजिमको रंग वा प्रकृतिको वनाउनु पर्नेछ।

(झ) नगरपालिकावाट तोकिएका कर दस्तुर र सेवा शुल्क तोकिएको समयमा नै वुझाउने।

(ञ) फूटपाथमा व्यवसाय गर्ने सवै व्यवसायीहरुले नगरपालिकावाट प्राप्त अनुमति पत्र वा कार्ड सवैले देख्ने गरी व्यवसाय स्थल अगाडि अनिवार्य राख्नु पर्नेछ।

(ट) अन्य व्यवसायीको सटर वा पसल अगाडि फूटपाथ व्यवसाय सञ्चालन गर्न पाईनेछैन। तर मापदण्ड बमोजिम अनुमति लिन मिल्ने स्थानको हकमा सम्बन्धित सटर वा पसल व्यवसायीको अनुमतिमा व्यवसाय सञ्चालन गर्न यो दफाले कुनै बाधा गर्ने छैन।

## १०. फूटपाथ व्यवस्थापन निर्देशक समिति :

(१) फूटपाथ व्यवस्थापन सम्वन्धमा आवश्यक नीतिगत निर्णय एवं निर्देशन गर्न देहाए बमोजिमको फूटपाथ व्यवस्थापन निर्देशक समिति रहने छ।

(क) नगर प्रमुख - अध्यक्ष
(ख) नगर उप प्रमुख - उपाध्यक्ष
(ग) वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक - सदस्य
(घ) आर्थिक विकास समिति संयोजक – सदस्य
(ङ) सम्वन्धित वडा अध्यक्ष – सदस्य
(च) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(छ) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि – सदस्य
(ज) पत्रकार महासंघ अध्यक्ष वा प्रतिनिधि – सदस्य
(झ) उद्योग वाणिज्य संघ अध्यक्ष वा प्रतिनिधि - सदस्य
(ञ) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि – सदस्य
(ट) जिल्ला ट्राफिक कार्यालयको प्रतिनिधि - सदस्य
(ठ) स्थानीय उपभोक्ता हित संरक्षण मन्चको प्रतिनिधि - सदस्य
(ड) वातावरण शाखा प्रमुख – सदस्य
(ढ) प्रशासन शाखा प्रमुख – सदस्य
(ण) राजश्व उपशाखा प्रमुख – सदस्य
(त) नगर प्रहरी इन्चार्ज - सदस्य
(थ) उद्योग शाखा प्रमुख –सचिव

(२) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) फूटपाथमा व्यवसाय गर्ने नयाँ स्थल छनौट वा संशोधन सम्वन्धी निर्देशन।
(ख) फूटपाथमा व्यवसाय गर्ने व्यवसायीहरुले पालना गर्ने सर्तहरुको संशोधन तथा थप घट गर्ने।
(ग) शाखागत कार्य जिम्मेवारी हेर फेर गर्ने।
(घ) फूटपाथका विषयमा मापदण्ड संशोधनको प्रस्ताव कार्यपालिकामा सिफारिस गर्ने।
(ङ) माथि उल्लेख नभएका व्यवसायहरुको कर दस्तुर तोक्न सिफारिस गर्ने।
(च) फूटपाथ व्यवस्थापनका विषयमा कार्यपालिकावाट तोकिएका अन्य विषयको कार्यान्वयन गर्न आवश्यक सहजीकरण।



(३) समितिको बैठक कम्तीमा तीन महिनामा एकपटक बस्नेछ। साथै आवश्यकता अनुसार अन्य समयमा समेत बैठक बस्न सक्नेछ। यस अवधिमा भए गरेका काम कारबाहीको विषयमा कार्यपालिका समक्ष प्रतिवदेन दिनेछ।

(४) बैठकमा अन्य विषय, क्षेत्र लगायतका व्यक्ति वा संस्थालाई विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ। साथै बैठकको भत्ता नगरपालिकाको कार्यविधि बमोजिम हुनेछ।

## ११. फूटपाथ व्यवसायी नियमन विधि

(१) फूटपाथ व्यवस्थापनलाई व्यवस्थित तथा नियमन गर्न देहाएका शाखाहरुको कार्य जिम्मेवारी यस प्रकार हुनेछ।

**(क) वातावरण शाखा**

(अ) फूटपाथ व्यवस्थापन सम्वन्धी नीति, नियम, मापदण्ड निर्माणको संयोजन गर्ने।
(आ) मापदण्ड पालना भए नभएको अनुगमन गरी कार्यान्वयनका लागि सम्वन्धित शाखामा पठाउने।
(इ) फूटपाथ व्यवस्थापनका क्रममा भएको प्रहरी नियमनको प्रतिवेदन वुझी आवश्यक कारबाहीको प्रकृया अगाडि वढाउने।
(ई) फूटपाथ व्यवसायका लागि मापदण्ड बमोजिम नगर प्रहरीको सिफारिसमा स्थानीयलाई प्राथमिकता दिंदै स्थान तोकी उद्योग शाखालाई विवरण उपलब्ध गराउने।
(उ) फूटपाथ व्यवसायबाट सिर्जित हुने फोहोरको उचित व्यवस्थापन सम्बन्धमा अनुगमन र सुपरिवेक्षण गर्ने।

**(ख) उद्योग नियमन शाखा**

(अ) व्यवसायीहरुको माग संकलन।
(आ) फर्मको दर्ता, नवीकरण र सूचिकृत पत्र / अनुज्ञापत्र अनुसूची - ३ बमोजिमको ढाँचामा जारी गर्ने।
(इ) उपभोक्ता हक हित तथा वजार अनुगमन गर्ने र कार्वाहीका लागि पेश गर्ने।
(ई) नगर प्रहरीबाट जरिबाना तथा कारबाही सिफारिस भएका व्यवसायीहरुको जरिबाना रकम एकीन गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने।
(उ) फूटपाथ व्यवसायीहरुको अभिलेख व्यवस्थित गर्ने।

**(ग) राजस्व उपशाखा**

(अ) तोकिए बमोजिम कर, दस्तुर, शुल्क र जरिबाना असुल गर्ने।

**(घ) पूर्वाधार शाखा**

(अ) अनुमति माग भएको क्षेत्रको क्षेत्रफल एकिन गर्ने।

(आ) फूटपाथ व्यवस्थापनमा प्राविधिक सहयोग गर्ने ।

**(ङ) नगर प्रहरी शाखा** (१) काम कर्तव्य र अधिकार :

(अ) मापदण्ड एवं अनुमति बमोजिमका सर्तहरु पालना गराउने तथा नियमन गर्ने ।

(आ) नियम विपरित व्यवसाय सञ्चालन गर्ने व्यवसायको सामग्री जफत तथा जरिबानाका लागि कार्यालयमा प्रतिवेदन पेश गर्ने । सामग्री जफतको विवरण अनुसूची ४ बमोजिमको ढाँचामा कार्यालय समक्ष प्रतिवेदन पेश गर्ने ।

(इ) मापदण्ड पालना गराउँदा परेका समस्याहरु र समाधानका विषयमा प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

(ई) समातिएका सामग्री संकलन संरक्षण र कार्यालयको निर्देशन बमोजिम कार्वाही प्रकृया अगाडि वढाउने ।

(उ) तोकिएको जोनमा राख्न सकिने व्यवसायको वातावरण शाखा र पूर्वाधार शाखासँग समन्वय गरी स्थलगत अध्ययन गरी प्रतिवेदन दिने ।

(२) नियमन विधि : फूटपाथ व्यवसाय व्यवस्थापन गर्न नगर प्रहरीले देहाए बमोजिम नियमन विधि अवलम्वन गर्नेछ ।

(क) जनचेतना : तोकिएको स्थान वाहेक अन्यत्र व्यवसाय नगर्न माइकिङ तथा सार्वजनिक सूचना प्रवाह, व्यवसाय गर्न मिल्ने र नमिल्ने स्थानहरु पहिचान वोर्डहरु राख्ने ।

(ख) अनुरोध कार्यक्रम: व्यवसाय गरेका स्थानमा पुगी मौखिक अनुरोध ।

(ग) ध्यानाकर्षण कार्यक्रम

(अ) व्यवसाय गरेको स्थानमा पुगी प्रथम पटक उल्लिखित स्थानवाट अन्यत्र सार्ने वा तोकिएको मापदण्ड पुरा गर्न जानकारी दिने, अटेर गरेमा सामग्री उठाउने ।

(आ) सोही व्यवसायीले अगाडिकै गल्ती पून : गरेमा दोश्रो पटक मापदण्ड पुरा गरेर तोकिएको ठाउँमा वस्न निर्देशन गर्ने । अटेर गरेमा सामग्री उठाउने र मापदण्ड पालना गर्न मञ्जुर नहुँदा सम्म सामग्री फिर्ता नगर्ने ।

**(१२) जरिबाना तथा सामग्री जफत :**

(१) अनुगमनका क्रममा व्यवसायीले यस मापदण्ड पालना नगरेमा पहिलो पटक दर्ता शुल्क बराबर जरिबाना र दोस्रो पटकका लागि दर्ता शुल्कमा ५० प्रतिशत थप जरिबाना तथा तेस्रो पटक पुन : सोही कसुर दोहोर्याएमा दर्ता शुल्कको दोब्बर जरिबाना र सामग्री जफत गरी जरिबाना पुर्जी जारी गरी असूलीका लागि नगरपालिकामा पठाउने ।जरिबाना पुर्जीको ढाँचा अनुसूची - ५ बमोजिम हुनेछ ।



(२) कुनै एउटा व्यवसायी वा फर्मले चार पटक भन्दा वढी एकै प्रकृतिको गल्ती दोहोराएमा व्यवसायीको सामग्री जफत गरी दर्ता शुल्कको दोब्बर जरिबाना सहित फर्म दर्ता खारेजीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

(३) जरिबाना असुलीको निर्णय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ । निजले गरेको जरिबानाका सम्बन्धमा चित्त नबुझेमा पैतिस दिन भित्र नगर प्रमुख समक्ष व्यवसायीले पुनरावेदन दिन सकिनेछ।

(४) जफत भएको सामग्रीको प्रकृति र गुणस्तर हेरी लिलाम विक्री वा गौशाला, मानव सेवा आश्रम, जस्ता विशुद्ध सामाजिक रुपमा प्रयोग गर्ने संघ संस्थालाई हस्तान्तरण गर्ने वा नष्ट गर्ने विषयमा वातावरण शाखासँगको समन्वयमा नगर प्रमुखबाट निर्णय गरी व्यवस्थापन गर्नु पर्नेछ र सोको जानकारी निर्देशक समितिलाई गराउनुपर्नेछ ।

**(१३) सहयोग लिन सकिने :** फूटपाथ व्यवस्थापनका लागि थप सहयोग आवश्यक पर्ने भएमा जिल्ला प्रहरी कार्यालयवाट सहयोग लिन सकिनेछ ।

**(१४) निर्देशन दिन सक्ने :** नगर कार्यपालिकाले निर्देशक समितिको काम कारबाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

## अनुसूची – १
(दफा ३(१) सँग सम्बन्धित)
### अनुमतिका लागि दिईने निवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
वीरेन्द्रनगर नगर कार्यपालिकाको कार्यालय सुर्खेत

**विषय : अनुमति सम्बन्धमा**

उपरोक्त सम्बन्धमा मैले यस नगरपालिका क्षेत्रभित्र ठेला व्यवसाय सञ्चालन गर्न ईच्छुक रहेकोले तपसिल बमोजिमको विवरण सहित व्यवसाय सञ्चालन अनुमतिको लागि यो निवेदन पेश गरेको छु।

व्यवसायीको नाम ..........................................................................................
हाल व्यवसाय रहेको स्थान ..........................................................................
व्यवसायीको बाबुको नाम ............................................................................
व्यवसायीको बाजेको नाम ............................................................................
व्यवसायीको स्थायी ठेगाना ..........................................................................
व्यवसायीको अस्थायी ठेगाना ......................................................................
व्यवसायीको किसिम ....................................................................................
ना. प्र. न. परिचय खुल्ने सरकारी कागजात नं. ...............................................
सम्पर्क नं. ......................................................................................................
व्यवसायी गर्न चाहेको सम्भाव्य स्थल
क. ....................................... ख. .......................................
ग. ....................................... घ. .......................................
ङ. .......................................

निवेदकको दस्तखत ==========================

<u>उद्योग शाखाको तर्फबाट</u>

श्री वातावरण शाखा, निवेदकको माग बमोजिम के, कुन स्थान उपलब्ध गराउन सकिने वा नसकिने विषयमा आवश्यक स्थलगत जाँचबुझ गरी विवरण दिनहुन

<u>वातावरण शाखाको सिफारिस</u>



## अनुसूची – २
(दफा ८ (३) सँग साम्बन्धित)
### फूटपाथ व्यवसायी व्यवस्थापनका लागि लाग्ने शुल्कहरु

(क) जग्गा भाडादर

| क्र. स. | जोन | समय | दर | कैफियत |
|---|---|---|---|---|
| १ | एल्लो | विहान साँझ | नगरपालिकाबाट निर्मित सेडमा प्रति वर्ग फिट रु १२ प्रति महिना | जग्गा धनि सुर्खेत उपत्यका नगर विकास समितिले भाडा लिन सक्ने सो को वहाल कर दश प्रतिशत नगरपालिकाले लिने |
| | | | सेड विहिन स्थानमा प्रति वर्ग फिट रु ८ प्रति महिना | |
| २ | ग्रीन | जुनसुकै वखत | नगरपालिकाबाट निर्मित सेडमा प्रति वर्ग फिट रु २० प्रति महिना | |
| | | | सेड विहिन स्थानमा प्रति वर्ग फिट रु १५ प्रति महिना | |
| ३ | दुबै जोन | | पटके व्यवसायीको हकमा प्रति वर्ग फिट रु ५ प्रति हप्ता | |

**(ख) दर्ता नवीकरण तथा सूचिकृत दस्तुर**

(अ) डोके व्यवसायी सूचिकृत दस्तुर वार्षिक दुई सय रुपैया र नवीकरण एक सय रुपैया।
(आ) पटके व्यवसायी एक महिनासम्मको लागि एक सय रुपैया
(इ) अन्य व्यवसायी दर्ता शुल्क वार्षिक पाँच सय रुपैया नवीकरण दुई सय रुपैया
(ई) गाडीमा फास्टफूड बिक्री गर्ने व्यवसाय दर्ता शुल्क तिन हजार रुपैया र नवीकरण पाँच सय रुपैया

**(ग) व्यवसाय कर**

(अ) पटके व्यवसायी एक सय रुपैया
(आ) डोके तथा जुत्ता मर्मत जस्ता सेवा व्यवसायी वार्षिक तिन सय रुपैया
(इ) अन्य व्यवसायी वार्षिक पाँच सय रुपैया

**(घ) फोहरमैला व्यवस्थापन सेवा शुल्क**

(अ) नगरपालिकाको प्रचलित आर्थिक ऐन अनुसारको शुल्क सम्बन्धित वडामा फोहर व्यवस्थापन गर्ने निजी क्षेत्रले संकलन गर्नेछ ।

**(ङ) निषेधित क्षेत्र तथा समयमा व्यवसाय गरेमा वा इजाजत विपरित व्यवसाय सञ्चालन गरेमा हुने जरिबाना**

(अ) प्रथम पटकका लागि दर्ता शुल्क वरावरको रकम

(आ) दोश्रो पटकका लागि दर्ता शुल्कमा पचास प्रतिशत थप रकम

(इ) तेश्रो पटकका लागी दर्ता शुल्कको दोव्वर

(ई) चौथो पटकका लागी दर्ता शुल्कको दोव्वर सहित दर्ता खारेजी

**(च) माथि उल्लिखित बाहेक अन्यको हकमा कार्यपालिकाले तोके बमोजिम हुनेछ**

अनुसूची – ३
(दफा ११(१) (ख) (आ) सँग सम्बन्धित)
वीरेन्द्रनगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## हाट बजार/घुम्ती/ सडक व्यवसाय/फूटपाथ व्यवसाय सञ्चालन अनुमति पत्र /अनुज्ञापत्र

दर्ता नं :

फोटो

व्यवसायको किसिम :
दर्ता गर्ने व्यवसायीको नाम थर :
ठेगाना :- स्थायी : अस्थायी :
सम्पर्क नं. :
अनुमति दिएको जोन : अनुमति दिएको स्थान :-

| | | | |
|---|---|---|---|
| रेड जोन | | क................................................ | क्षेत्रफल वर्ग फिट |
| एल्लो जोन | | ख.................................... | |
| ग्रिन जोन | | ग............................................... | |
| | | घ............................................... | |

अनुमति पत्र जिम्मा लिई व्यवसाय गर्ने जाने परिवारका अन्य व्यक्तिहरुको नाम र सम्पर्क न
क......................
ख......................
ग......................
यस नगरपालिकाको फूटपाथ व्यवसाय व्यवस्थापन मापदण्ड, २०८२ बमोजिम उल्लिखित विवरण भएको व्यवसाय मिति............मा दर्ता गरी यो अनुमति पत्र दिईएको छ।
अनुमति जारी गर्ने अधिकारीको
नाम
पद
दस्तखत

## अनुमति पत्र नवीकरण विवरण

| नवीकरण गर्ने निकायको छाप | नवीकरण गरेको मिति | नवीकरण बहाल अवधि | राजश्व विवरण (रु.) | | | | रसिद नं. | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| | | | जग्गा भाडा | दर्ता नवीकरण | व्यवसाय कर | जम्मा | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोट:

१. एक वर्ष भन्दा कम अवधिको फूटपाथ ब्यवसाय गर्ने व्यवसायीलाई मात्र यो अनुमति पत्र प्रदान गरिने छ।

२. मापदण्डको दफा ९ बमोजिमको सर्तहरु व्यवसायीले पूर्ण रुपमा पालना गर्नुपर्नेछ।

## अनुसूची – ४
### (दफा ११(१) (ङ) (आ) सँग सम्बन्धित)
### सामग्री जफतको मुचुल्का

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु
वीरेन्द्रनगर नगर कार्यपालिकाको कार्यालय
सुर्खेत।

यस वीरेन्द्रनगर नगरपालिकाको फूटपाथ व्यवसाय व्यवस्थापन मापदण्ड, २०८२ बमोजिम नगर प्रहरी द्वारा देहायका स्थानमा अनुगमन तथा नियमन गर्दा बरामत भएका तपसिलका सामग्रीहरु मापदण्डको दफा १२ बमोजिम कारबाही अगाडि बढाउने विषयमा निर्णयार्थ श्रीमान् समक्ष पेश

देहाय

| क्र स | बरामत गरिएको स्थान | व्यवसायीको नाम र ठेगाना | बरामत भएका सामग्रीहरुको विवरण | ईकाइ |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

साँक्षीहरु

प्रतिवेदक

## अनुसूची – ५
### (दफा १२ सँग सम्बन्धित)
### जरिबाना पुर्जीको ढाँचा

श्री ...................................

**विषय –जरिबाना गरिएको ।**

तपाईंले यस वीरेन्द्रनगर नगरपालिकाको फूटपाथ व्यवसाय व्यवस्थापन मापदण्ड, २०८२ बमोजिम फूटपाथ व्यवसायीले पालना गर्नुपर्ने सर्त तथा नियमहरु विपरित कार्य गर्नुभएको देखिएकाले सोही मापदण्डको दफा १२ अनुसार देहाय बमोजिम जरिबाना गरिएको छ । जरिबाना रकम यथासिघ्र नगरपालिकामा जम्मा गर्नहुन यो पुर्जी लिन जानहुन अनुरोध छ ।

देहाय

कसुरको विषय

जरिबानाको आदेश गर्ने प्रहरी अधिकारी

उद्योग शाखाको राय

पेश भएको कसुरको विषय फूटपाथ व्यवसाय व्यवस्थापन मापदण्ड, २०८२ को दफा............ सँग सम्बन्धित देखिएकाले सोही मापदण्डको दफा ....................बमोजिम रु.......................... जरिबाना गर्न आदेशका लागि श्रीमान् प्रमुख प्रशासकीय अधिकृत समक्ष निर्णयार्थ पेश ।

आज्ञाले
लक्ष्मी प्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत

फूटपाथ व्यवासाय व्यवस्थापन मापदण्ड, २०८२, मुल्य रू. १० ।-